"स्वच्छ, सफा, समृद्ध, सुन्दर – महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty - Mahalaxmi Municipality"
महालक्ष्मी नगरपालिका
Mahalaxmi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No.): ०८२/०८३
चलानी नं. (Reg. No.):

## पशु सेवा शाखा

# प्रस्ताव आह्वानको सूचना

दोश्रो पटक प्रकाशित मिति २०८२/१०/०२
ने.सं. ११४६ पोहेलागा, त्रयोदशी, शुक्रवार

प्रस्तुत विषयमा यस महालक्ष्मी नगरपालिका पशु सेवा शाखाको आ.ब. २०८२/०८३ को संघीय सरकारको सशर्त अनुदानतर्फको **गाईभैसी प्रवर्दन कार्यक्रम, प्रदेश तथा स्थानीय तहमा सशर्त बित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यबिधि-२०८२** अनुसार ५० प्रतिसत लागत साझेदारीमा सहभागी हुन इच्छुक कृषक समूह/ पशुपालनमा आवद्ध सहकारी संस्थाहरु तथा नीजि ब्यवसायिक फर्महरुबाट मिति २०८२/०९/०७ गते २१ दिनको सूचना प्रकाशित गरिएकोमा प्रस्ताव पेश गर्ने समय ७ दिन थप गरिएको छ। उक्त समयमा कार्यालय समयभित्र यस कार्यालयमा तपशिलको कागजात सहित प्रस्ताव पेश गर्नु हुन आह्वान गरिन्छ । साथै रीत नपुगी र म्याद नाघि प्राप्त प्रस्तावहरु छनोटमा समावेश नगरिने व्यहोरा जानकारी गराइन्छ ।

**कार्यक्रम**

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | अनुदान रकम रु | कार्यक्रम लागु हुने क्षेत्र | सञ्चालन गरिने क्रियाकलापहरु |
|---|---|---|---|---|---|
| १ | गाईभैसी प्रवर्दन कार्यक्रम | पटक १ | ८ लाख ४५ हजार | महालक्ष्मी न.पा. क्षेत्रभित्र | • गोठ निर्माण वा सुधार तथा मलमुत्र व्यवस्थापन<br>• जैविक सुरक्षा सम्वन्धि कार्यहरु |

**कार्यक्रममा सहभागी हुने आवेदकले पेश गर्नु पर्ने कागजातहरु**

- अनुसूची ६ अनुसारकाको संक्षिप्त कार्ययोजना ।
- फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी, स्थायी लेखा नम्वरको प्रतिलिपी र नियमानुसार लाग्ने सबै करचुक्ता गरेको कागजातको प्रतिलिपी ।
- समुह/सहकारीको हकमा संस्थाले नियमित रुपमा साधारण सभा र लेखा परीक्षण गरेको प्रतिवेदनको प्रतिलिपी र संस्थाको उदेश्यमा पशुपालनका कार्य गर्ने उल्लेख भएको बिधानको प्रतिलिपी ।
- समुह/ सहकारीको हकमा संस्थाले कार्यक्रममा सहभागी हुन गरेको निर्णयको प्रतिलिपी ।

फोन: ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np

महालक्ष्मी नगरपालिका
Mahalaxmi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No.):
चलानी नं. (Reg. No.):

## पशु सेवा शाखा

- समुह/सहकारीको हकमा कम्तीमा १० सदस्यले गाईभैसी पालन गरेको हुनु पर्ने र प्रति सदस्यले कम्तीमा दुइ वटा माउ गाईभैसी पालन गरेको हुनु पर्नेछ।
- बिगत बर्षहरुमा कुनै किसिमको कार्वाहीमा नपरेको र अन्य कुनै निकायबाट समान प्रकृतिको अनुदान रकम नलिएको स्वघोषणा गर्नु पर्ने ।
- पशुको संख्या एकिन हुने प्रमाण पशु बीमाको बीमालेख प्रतिलिपी ।
- निजी फर्म भएमा कम्तीमा ३ वटा माउ गाईभैसी पालन गरेको हुनु पर्ने छ।
- कार्यक्रम सञ्चालन गर्ने वडा कार्यालयको सिफारिस पत्र ।
- कार्यक्रम सञ्चालन गर्ने स्थान आफ्नो नीजि जग्गा भएमा सोको लालपुर्जाको प्रतिलिपी र भाडाको जग्गा भएमा स्थानिय जनप्रतिनिधिको रोवहरमा कम्तीमा ५ वर्ष अवधि रहेको जग्गा भाडा सम्झौताको प्रतिलिपी पेश गर्नु पर्ने छ । जग्गाको वहालकर तिरेको रसिदको प्रतिलिपी र जग्गा भाडा लिने दिने दुबै पक्षको नागरिकताको प्रतिलिपी ।
- आवेदक संस्थाले पशुपालन प्रवर्दनको लागि गर्ने क्रियाकलापहरुको लागत अनुमान सहित ५० प्रतिशतमा लागत साझेदारी गर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ ।
- आवेदकले गर्ने क्रियाकलापहरु निर्माण सम्वन्धि कार्य भएमा अनुमानित लागत (सामग्रीहरुको विवरण सहित) र मेसिनरी औजार उपकरण भएमा स्पेसिफिकेसनको प्रतिलिपी पेस गर्नुपर्नेछ ।

नोटः थप जानकारीको लागि महालक्ष्मी नगरपालिका (पशु सेवा शाखा) वा पशु सेवा केन्द्र लामाटारमा सम्पर्क राख्नुहुन।

**अमित ढुङ्गाना**
प्रमुख प्रशासकीय अधिकृत

अमित ढुङ्गाना
प्रमुख प्रशासकिय अधिकृत

फोनः ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np